# प्रेस विज्ञप्ति

आज मिति २०७५/०५/०७ गते बिहिबारका दिन आर्थिक वर्ष २०७४/७५ को बार्षिक प्रगति समीक्षा एवं मन्त्रालय स्तरीय बिकास समस्या समाधान समिति (MDAC) को बैठक माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भयो। उक्त अवसरमा नेपाल राष्ट्र बैंकका गभर्नर श्री चिरञ्जिवी नेपालको समेत उपस्थिति रहेको थियो ।

बैठकमा अर्थ मन्त्रालय र मातहतका निकायहरुबाट सम्पादन हुने कार्यहरुलाई अझ बढी दक्ष, प्रभावकारी, गुणस्तरीय तथा मापनयोग्य बनाउने बिषयमा जोड दिनु हुदै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन मासिक रुपमा प्रगति समीक्षा गर्ने, सरकारले उपलब्ध गराउनु पर्ने अनुदान एकद्वार प्रणालीबाट प्रदान गराउनु पर्ने, जनतामा वित्तीय पहुँच स्थापना गराउन घुम्ति बैंकबाट समेत सेवा उपलब्ध गराउनु पर्ने, सरकारी खर्च प्रणालीमा प्रभावकारिता अभिवृद्धि गर्न हाल गरिएका सुधारहरुलाई अझ प्रभावकारी बनाउँदै लैजानु पर्ने, मन्त्रालय र मातहतका निकायहरुले कार्ययोजना बमोजिमका जिम्मेवारीलाई पूरा गर्न थप तीव्रता दिने र नतिजा हासिल तर्फ केन्द्रीत रहनु पर्ने र विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन सरकारी तवरबाट थप प्रयास हुने बिषय औंल्याउनु भयो।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जिवी नेपालज्यूले नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना बमोजिमका कार्यहरुको कार्यान्वयनमा नेपाल राष्ट्र बैंकले पुरा गर्नु पर्ने जिम्मेवारी समयमा सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो।

सोही कार्यक्रममा अर्थ सचिव डा. राजन खनालले अर्थ मन्त्रालय र मातहतका निकायहरुले पूँजीगत खर्चमा प्रभावकारीता अभिवृद्धि गर्नु पर्ने कुरामा जोड दिदै बेरुजु फछ्र्यौट तर्फ थप प्रयास गर्नु पर्ने, खर्चको अभिलेखिकरण, प्रतिवेदन र पारदर्शिता कायम गर्ने विषयमा महालेखा नियन्त्रक कार्यालयले थप सक्रियतापूर्वक लाग्नु पर्ने विषयमा जोड दिनु भयो। उक्त अवसरमा सचिव (राजस्व) श्री शिशिर कुमार ढुङ्गानाको समेत उपस्थिति रहेको थियो।

प्रस्तुतिको क्रममा बिभागीय प्रमुख/आयोजना प्रमुखहरुले आ-आफ्नो निकायको प्रगति अवस्था र कार्यान्वयनको क्रममा देखा परेका समस्याको बारेमा संक्षिप्त प्रस्तुति पेश गर्नुका साथै चालु आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेखित कार्यक्रमहरुको कार्ययोजना बमोजिमको सूचकमा आधारित भै श्रावण महिनाको प्रगति अवस्थाको बिवरण समेत प्रस्तुत गर्नु भएको थियो ।

सोही अवसरमा महालेखा नियन्त्रक श्री सुरेश प्रधानले संघीयताको सन्दर्भमा तहगत सरकारका राजस्व, खर्च र वित्तीय प्रतिवेदनलाई एकीकृत ढंगबाट प्रतिवेदन गर्ने एवं गराउने तर्फ आवश्यक तयारी गर्नुपर्ने विषयमा जोड दिनु भएको थियो।

कार्यक्रम सञ्चालन गर्नु हुँदै अर्थ मन्त्रालयका योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख श्री चन्द्रकला पौडेलले विगतमा MDAC ले गरेका निर्णय र कार्यान्वयन स्थिति, समग्र बजेट खर्च स्थिति, अर्थ मन्त्रालय अन्तर्गतको खर्च स्थिति, प्रमुख आर्थिक परिसूचकहरू, बार्षिक लक्ष्य र प्रगति विवरण, P1 र P2 आयोजनाहरुको उपलब्धी र समस्याहरू तथा आयोजना/ कार्यक्रम कार्यान्वयनमा देखिएका केही तथ्य र प्रगति बारे संक्षिप्त प्रस्तुति गर्नु भएको थियो । प्रस्तुतिको क्रममा महाशाखा प्रमुख पौडेलले गत आ.व. २०७४/७५ मा अर्थ मन्त्रालय र अन्तर्गतका निकायमा चालु खर्च तर्फ रु. ५ अर्ब १८ करोड र पूँजिगत खर्च तर्फ रु. १ अर्ब ५ करोड गरी कूल खर्च रु.६ अर्ब २२ करोड भएको विबरण पेश गर्नु भयो। गत आर्थिक बर्षमा कर तथा गैरकर राजस्व समेत कूल लक्ष्य ७ खर्ब ३० अर्ब ६ करोड रहेकोमा रु. ७ खर्ब ३२ अर्ब २२ करोड असुली हुन गई सत् प्रतिशत प्रगति हासिल भएको, सरकारी ऋण तथा बैदेशिक सहायता तर्फ आ.व. २०७४/७५ मा ऋण तर्फ रु.४३ अर्ब ५३ करोड र अनुदान तर्फ रु. ५१ अर्ब ८५ करोड गरी कूल रु. ९५ अर्ब ३८

करोड परिचालन भएको र आन्तरिक ऋण तर्फ रु.१४४ अर्ब ७५ करोड परिचालन गरिएको  विबरण समेत प्रस्तुत गर्नु भएको थियो । सोही अवसरमा अर्थ मन्त्रालय र मातहतको कूल बेरुजू रु. ४४ अर्ब ९ करोड ४४ लाख रहेकोमा रु. १६ अर्ब ५१ करोड फछ्र्यौट भै कूल बेरुजूको ३७.४ प्रतिशत प्रगति भएको जानकारी समेत दिईएको थियो ।

उक्त अवसरमा आ.व. २०७४/७५ को प्रमुख आर्थिक परिसूचक बारे पनि संक्षिप्त प्रकाश पारिएको थियो । जस अनुसार उपभोक्ता मुद्रास्फीति (वार्षिक बिन्दुगत आधारमा) ४.२ प्रतिशत, कुल सरकारी खर्च (नगद प्रवाहमा आधारित) रु.१०७३ अर्ब १६ करोड भएको, (जुन गत बर्षको तुलनामा २८.२ प्रतिशतले बढेको) बजेट घाटा/बचत (नगद प्रवाहमा आधारित) रु.३४१ अर्ब ७९ करोडले घाटामा रहेको, नेप्से सूचकांक बिन्दुगत आधारमा  १२१२.४ रहेको, निर्यात-आयात अनुपात ६.५ प्रतिशत रहेको, कुल निर्यात रु. ८१ अर्ब १९ करोड रहेको (जुन गत आ.व. को तुलनामा ११.१ प्रतिशतले बढेको), कुल आयात रु.१२४२ अर्ब ८३ करोड भएको (जुन गत आ.व. को तुलनामा २५.६ प्रतिशतले बढेको ) र समग्र सोधानान्तर स्थिति रु. ९६ करोडले बचत रहेको जानकारी समेत प्रस्तुत गरियो । साथै महाशाखा प्रमुख पौडेलले अर्थ मन्त्रालय र मातहतका निकायले चालु आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेखित कार्यक्रमहरुको सूचकमा आधारित भै कार्ययोजना बमोजिमको श्रावण महिनाको प्रगति अवस्थाको बिवरण समेत प्रस्तुत गर्नु भएको थियो ।